**अधीक्षक (सुपरिटेन्डेन्ट) बाट डिस्ट्रक्टको स्कूल फिर्तिबारे सन्देश - सि सि एस परिवारहरूलागि**
**८/१८/२५**
# अन्तिम

कलम्बस सिटी स्कूलस परिवारहरूाई वापस आउन स्वागतछ!

प्रत्येक अगस्ट महिनाले कलम्बस सिटी स्कूल्सकालागि नयाँ अध्याय ल्याउँछ, र यस वर्ष पनि हामीले धैरै कुराहरूको अपेक्षा गरिरहेका छौं!

सर्वप्रथम, म अगस्ट १६ तारिक शनिबार, फोर्ट हेइसमा हाम्रो चौथो वार्षिक "स्कूल फर्कि आऊ" स्रोत मेलामा हामीसँग सामेल हुनुहुने सबैलाई धन्यवाद दिन चहान्छु।
यति धैरै परिवारहरूसँग जोडिनु र आगामी सफल वर्षकालागि तपाँईले साझा गर्नुभएको उत्साह महसुस गर्नु अद्‌भुत थियो!

जब हामी हाम्रा विद्यार्थीहरूलाई नयाँ स्कूल वर्षकालागि स्वागत गर्दैगर्दा मलाई हाम्रा प्रत्येक विद्यार्थी भित्रको अनन्त सम्भावनाको सम्झना गराइन्छ। यस वर्ष हाम्रो विषयवस्तु वा नारा, 'यहाँ हुर्केका नेताहरू' ले त्यो सम्भावनालाई मनाउँछन्! हामी विश्वस्त छौं कि हाम्रा विद्यार्थीहरूमा नेतृत्व गर्ने क्षमता छ, र यस वर्ष हामी उनीहरूको सपनालाई पोषण गर्ने, उनीहरूको नेतृत्व कौशललाई बलियो बनाउने, र उनीहरूलाई उनीहरू बन्ने भाग्यमानी नेताहरूमा आत्मविश्वासका साथ पाइला चाल्न तयार पार्ने योजना बनाउँछौं। वर्षको सहज सुरुवात सुनिश्चित गर्न, म तपाँईको परिवार बलियो बनाउने सुरुवातकालागि तयार छु भनी सुनिश्चित गर्न केही उपयोगी स्रोतहरू र केही सम्झाउनीहरू यहाँ साझा गर्न चहान्छु:

- **ब्याक-टु-स्कूल हब:** स्कूल आपूर्ति सूचीदेखि स्कूल क्यालेन्डर, भर्ना विवरणहरू, र थप कुराहरूमा द्रुत पहुँचकालागि हाम्रो ब्याक-टु-स्कूल हब (Back-to-School Hub) मा गइ हेर्नुहोस्।
- **बस रुट जानकारी:** यातायात-योग्य विद्यार्थीहरूका परिवारहरूले यातायात ट्याब अन्तर्गत प्यारेन्ट पोर्टल (Parent Portal) मार्फत बस रुट विवरणहरू हेर्न सक्नुहुनछ। कृपया अध्यवधि (अपडेटहरू) कालागि नियमित रूपमा जाँच गर्न निश्चित गर्नुहोस्।
- **विद्यार्थी (स्टुडेन्ट) पोर्टल:** यो विद्यार्थी (स्टुडेन्ट) पोर्टल (Student Portal) भनेको तपाँईका बच्चाको ग्रेड, तालिका र सिकाई स्रोतहरूकालागि डिजिटल घर हो, जसले विद्यार्थीहरूलाई व्यवस्थित र संलग्न रहन मद्दत गर्दछ।

- **विद्यार्थीको सफलताकालागि निर्देशन (गाइड):** हाम्रो २०२५-२०२६ विद्यार्थी सफलताकालागि गाइड (The 2025–2026 Guide to Student Success) अब उपलब्ध भइसकेको छ। यसले हाम्रा विद्यालयहरू
- सुरक्षित, समावेशी, र शैक्षिक रूपमा केन्द्रित रहन सुनिश्चित गर्ने नीतिहरू र अपेक्षाहरूको रूपरेखा प्रस्तुत गर्दछ। प्रत्येक गाइड भित्र आवश्यक फारामहरू,
- प्रमुख नीतिहरू र जानकारीहरू छन् जसले तपाँईका बच्चालाई वर्षभरि फस्टाउन मद्दत गर्दछ।

डिस्ट्रक्टको हैसियदमा, हाम्रा प्रत्येक पाइलामा तपाँई र तपाँईको बच्चाकासाथ हामी काम गर्नेछौं।तपाँईसँगको हाम्रो साझेदारी प्रत्येक विद्यार्थीको सफलताकालागि महत्वपूर्ण छ र तपाँईले हामीमाथि राख्नुभएको विश्वासकालागि हामी आभारी छौं। हामी एउटै टोली हौं-जब स्कूल र परिवारहरू मिलेर काम गर्छन्, हामी हाम्रो समुदाय र हाम्रो भविष्यलाई मार्गदर्शन गर्ने नेताहरूलाई वास्तवमा आकार दिन्छौं।

तपाँईको बच्चाको शैक्षिक यात्रामा हाम्रो साझेदारी भएकोमा धन्यवाद।

यस शैक्षिक वर्षलाई वृद्धि, उपलब्धि र अविस्मरणीय क्षणहरू बनाऔं। पुःन स्वागत छ र यो कलम्बस सिटी स्कूल्समा नेताहरू हुर्किरहेका छन् भनि कलम्बस समुदायलाई देखाउनुहोस्!

कृतज्ञता सहित,



डा. एन्जेला च्यापम्यान (Dr. Angela Chapman)
सुपरिटेन्डेन्ट/सी ई ओ, कलम्बस सिटी स्कूल्स (Columbus City Schools)